# मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि.
# सिद्धार्थनगर-५, रुपन्देहीको

## छैठौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/ १२/०८*

यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/१२/०६ मा बसेको संचालक समितिको ९४ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम उक्त साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**साधारण सभा हुने मिति** : २०८०/१२/२९ विहिबार, तदनुसार ११ अप्रिल २०२४

**सभा शुरू हुने समय** : दिउँसो १:00 बजे

**सभा हुने स्थान** : होटल पौवा, सिद्धार्थनगर ६, रुपन्देही

## छलफलका बिषयहरु :

क) सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०७९/०८० को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/०८१ को लेखा परीक्षण गर्नका लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक पुन: नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)

ख) विशेष प्रस्तावहरु :

१. समता घरेलु लघुवित्त वित्तीय संस्था लि. ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको DDA मूल्यांकनर्ताको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन, शेयर आदान प्रदान दर प्रस्ताव पारित, प्रारम्भिक समझदारीपत्र तथा प्राप्ति सम्बन्धमा भएको निर्णयहरुको अनुमोदन, अन्तिम सम्झौतापत्र लगायत सो सम्बन्धी कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी, प्राप्ति (एक्विजिशन) सँग सम्बन्धीत आवश्यक अन्य सम्पूर्ण निर्णयहरु पारित गर्ने ।

ग) विविध ।

## साधारण सभा सम्बन्धी थप जानकारी

१. छैठौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८० साल चैत १६ गतेबाट चैत २९ गतेसम्म यस वित्तीय संस्थाको शेयर दाखिल खारेजीको कार्य बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/१२/१५ गतेसम्म कारोवार भई तोकिएको समयभित्रमा शेयर दाखिला खारेजी भई यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, वालुवाटार, काठमाण्डौंमा शेयरधनी कितावमा कायम रहेका शेयरधनीहरुले मात्र यस साधारण सभामा भाग लिन पाउँनेछन् ।

२. साधारण सभामा भाग लिनका लागि सूचनासाथ प्रेषित प्रवेशपत्र सहित आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रुपमा लिई आउनु हुन सवै शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ ।

३. यस वित्तीय संस्थाले आफ्नो वेब-साईट www.manakamanalbs.com मा साधारण सभामा पेश हुने संचालक समितिको बार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन, वित्तीय विवरण र सभासम्बन्धी सूचना राखेकोले सो विवरणहरु डाउनलोड गरी लिन सक्नु हुनेछ ।

४. साधारण सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गरी सो सम्वन्धी निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै संस्थाको केन्द्रीय कार्यालय मैत्रीपथ ५, रुपन्देहीमा दर्ता गराइ सक्नुपर्नेछ ।

५. प्रतिनिधि नियुक्त गर्दा एकजना भन्दा वढी नियुक्त गर्न सकिने छैन ।

६. शेयरधनी महानुभावहरुको हाजिरी पुस्तिका सभा स्थलमा साधारणसभा हुने दिन विहान ११:00 वजेदेखि साधारण सभा समापन नहुञ्जेलसम्म खुल्ला रहनेछ ।

७. कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज संस्थाको शेयरधनी नभएपनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्ने छ । यसरी प्रतिनिधि पठाँउदा सभा हुनु भन्दा ४८ घण्टा अगावै संस्थालाई लिखित जानकारी गर्नु पर्नेछ ।

८. छलफलको विषय अन्तर्गत विविध शिर्षकमा छलफल गर्ने विषय बारे सभा हुनु भन्दा एकहप्ता अगावै कार्यालय समय भित्र अध्यक्षज्युलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ । उक्त विषयको औचित्य हेरी छलफलमा समावेश गरिएतापनि पारित हुने प्रस्तावको रुपमा भने समावेश गरिने छैन ।

९. यसमा उल्लेख नभएको जानकारी सम्वन्धमा वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, कम्पनी ऐन तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

आज्ञाले

कम्पनी सचिव